# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) विराटनगर, नेपाल, चैत्र १० गते, २०७५ साल (अतिरिक्ताङ्क ३

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## प्रदेश सभा सचिवालय

**प्रदेश नं. १ प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५**

प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा १९४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ को नियम २०२ बमोजिम देहायका नियमहरू बनाइएका छन् ।

१. सङ्क्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "प्रदेश नं. १ प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ को नियम २ मा संशोधन** : प्रदेश नं. १ को प्रदेश सभा नियमावली, २०७४ (यसपछि "मूल नियमावली" भनिएको) नियम २ को, -

खण्ड (ङ) को "पदाधिकारी"को परिभाषामा "मुख्य सचेतक"लाई झिकी सो स्थानमा "प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका संसदीय दलका उपनेता" र नियमावलीमा रहेको "प्रमुख सचेतक" पछी "सभापति" भन्ने शब्दहरु राखिएको छ ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधन** : मूल नियमावलीको नियम ३ को उपनियम (१) मा रहेको "घटीमा दुई दिनअगावै" भन्ने शब्द हटाइएको छ ।

४. मूल नियमावलीको नियम ६ को उपनियम (४) लाई खारेज गरिएको छ ।

५. **मूल नियमावलीको नियम ७, ८, ९ र १० मा संशोधन** : (१) मूल नियमावलीको नियम ७ को उपनियम (२) मा र नियम ९ को उपनियम (२) मा रहेको "अनुसूची-२" लाई "अनुसूची-३" गरिएको छ ।

(२) मूल नियमावलीको नियम ८ मा र नियम १० मा रहेको "अनुसूची-३" लाई "अनुसूची-२" गरिएको छ ।

६. **मूल नियमावलीको नियम ७मा संशोधन** : मूल नियमावलीको नियम ७ को उपनियम (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

"तर कुनै प्रस्तावको पक्षमा बहुमत प्राप्त हुन नसकेमा निर्वाचन प्रक्रिया जारी रहनेछ ।"

७. **मूल नियमावलीको नियम १२ मा संशोधन** : मूल नियमावलीको नियम १२ को उपनियम (१) मा भएको व्यवस्थाको सट्टा देहायको वाक्य राखिएको छ :

सभामुखको निर्देशनअनुसार सचिवले बैठक बस्ने प्रत्येक दिनको कार्यसूची तयार गर्नेछ र त्यसको एक प्रति सामान्यतया एक दिनअगाडि सदस्य र संसदीय दलका कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ, तर विशेष परिस्थितिमा सभामुखको निर्देशनअनुसार बैठक बस्ने एक घण्टाअगावै कार्यसूची तयार गरी त्यसको एक प्रति सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

८. **मूल नियमावलीको नियम १९ मा संशोधन** : मूल नियमावलीको नियम १९ को उपनियम (झ) मा भएको व्यवस्थाको सट्टा "बैठक अवधिभर बैठक कक्षमा मोवाइल फोनमा कुरा गर्न र रेकर्ड गर्न हुँदैन" भन्ने शब्दहरू राखिएको छ ।

९. <u>मूल नियमावलीको नियम २७मा संशोधन :</u> मूल नियमावलीको नियम २७ को उपनियम (२) मा भएको "यसरी निर्णयका निमित्त प्रस्तुत प्रस्तावमा हुन्छ र हुन्न भन्ने मत सङ्ख्या यकिन गरी अभिलेख राख्नु पर्नेछ" भन्ने वाक्यांशको "सङ्ख्या" झिकिएको छ ।

१०. <u>मूल नियमावलीको नियम २८ मा संशोधन :</u> (१) मूल नियमावलीको नियम २८ को उपनियम (१) मा "हुन्छ वा हुन्न" भन्ने स्थानमा "हुन्छ वा हुन्न वा मत दिन्न" भन्ने शब्दहरु थप गरिएको छ ।

(२) मूल नियमावलीको नियम २८ (१) (क) मा रहेको "हुन्छ वा हुन्न" भन्ने स्थानमा "हुन्छ वा हुन्न वा मत दिन्न" भन्ने शब्दहरु थप गरिएको छ ।

(३) मूल नियमावलीको नियम २८ (१) (ख) मा भएको व्यवस्थालाई झिकी सो स्थानमा "हुन्छ वा हुन्न वा मत दिन्न" भन्ने तीनै थरी सदस्यहरूलाई भिन्नाभिन्नै ढोकाबाट उपकक्ष (लबी) मा प्रवेश गराई वर्णानुक्रमानुसारको नामावलीमा दस्तखत गराएर भन्ने शब्दहरु राखिएको छ ।

(४) मूल नियमावलीको नियम २८ को उपनियम (२) मा "हुन्छ र हुन्न" भन्नेलाई झिकी सो ठाउँमा "हुन्छ वा हुन्न वा मत दिन्न" भन्ने शब्दहरु राखिएको छ ।

११. <u>मूल नियमावलीको नियम ३२ मा संशोधन :</u> मूल नियमावलीको नियम ३२ को उपनियम (१) मा "तीन दिनसम्म" भन्ने शब्दको सट्टा "दश दिनसम्म" भन्ने शब्द राखिएको छ ।

१२. <u>मूल नियमावलीको नियम ३६ मा संशोधन :</u> (१). मूल नियमावलीको नियम ३६ को उपनियम (१) मा "मुख्यमन्त्रीपछि रहेको "वा कुनै मन्त्री" भन्ने शब्द झिकिएको छ ।

(२) मूल नियमावलीको नियम ३६ को उपनियम (२) को व्यवस्थालाई झिकी सो ठाउँमा "प्रदेश प्रमुखबाट गरिएको सम्बोधनका लागि धन्यवाद ज्ञापन गर्ने सभामुखले धन्यवादको प्रस्ताव प्रस्तुत गर्नेछ र सभामुखले उक्त प्रस्ताव प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि छलफल हुनुअगावै निर्णयार्थ प्रस्तुत गर्नेछ ।

(३) मूल नियमावलीको नियम ३६ को उपनियम (३) मा भएको व्यवस्थालाई झिकी सो ठाउँमा "सभाले पारित गरेको धन्यवादको प्रस्ताव सभामुखले प्रदेश प्रमुखसमक्ष पेस गर्नेछ ।"

(४) मूल नियमावलीको नियम ३६ को उपनियम (४), (५), (६) खारेज गरिएको छ ।

१३. मूल नियमावलीको नियम ३७ मा रहेको "४८ घण्टाभित्र" भन्ने शब्द झिकिएको छ ।

१४. परिच्छेद ९ को "शुन्य समय"को शीर्षकको सट्टा "प्रश्नोत्तर र ध्यानाकर्षण" शब्दहरू राखिएका छन् ।

१५. <u>मूल नियमावलीको नियम ४० मा संशोधन</u> : मूल नियमावलीको नियम ४० को उपनियम (१) मा रहेको "शून्य" भन्ने शब्द झिकिएको छ ।

१६. <u>मूल नियमावलीको नियम ४१ मा संशोधन</u> : (१) मूल नियमावलीको नियम ४१ को उपनियम (१) को व्यवस्थालाई झिकी सो स्थानमा "सभामुखले अन्यथा आदेश दिएमा बाहेक नियमित अधिवेशन चलिरहेको अवधिको प्रत्येक हप्ताको कम्तिमा एक बैठकको पहिलो डेढ घण्टाको समय प्रश्न-उत्तर समयका निमित्त रहनेछ ।" भन्ने शब्दहरु राखिएको छ ।

उपनियम ४१ को (१) पश्चात क्रमैसँग निम्न उपनियमहरू थप गरिएका छन् :

१.(क) **प्रश्नको सूचना** : (१) बैठकमा प्रश्न सोध्न चाहने कुनै सदस्यले देहायका कुरासमेत खुलाई सचिवलाई सूचना दिनुपर्नेछ :

(क) सोध्न खोजेको प्रश्न, र

(ख) प्रश्नसँग सम्बन्धित मन्त्री ।

(२) प्रश्नको सूचनामा एक जनाभन्दा बढी सदस्यले हस्ताक्षर गरेको भए पहिलो हस्ताक्षर गर्ने सदस्यले उपनियम (१) बमोजिम सूचना दिएको मानिनेछ । तर पहिलो हस्ताक्षर गर्ने सदस्य अनुपस्थित भएमा क्रमानुसारका प्रश्नकर्ताको प्रश्नलाई कायम गर्न बाधा पर्ने छैन ।

(३) एउटै विषयमा एकभन्दा बढी सदस्यले प्रश्नको सूचना दिएमा दर्ताक्रमको पहिलो प्रश्नलाई मात्र कायम गरिनेछ । तर प्रश्नकर्ता सबै सदस्यको नाम सभामुखले सभामा पढेर सुनाउनेछ ।

१.(ख) <u>प्रश्नको किसिम</u> : (१) प्रश्न मौखिक उत्तर दिने र लिखित उत्तर दिने गरी दुई किसिमका हुनेछन् ।

(२) कुनै अभिलेख, तथ्याङ्क आदि उल्लेख गरी दिनुपर्ने उत्तर लिखित रूपमा दिनुपर्नेछ ।

१.(ग) <u>प्रश्नको सूची</u> : (१) मौखिक तथा लिखित उत्तरका निमित्त रहेका प्रश्नको छुट्टाछुट्टै सूची तयार गरिनेछ र त्यस्तो सूचीमा अस्वीकार

नगरिएका सबै प्रश्न समावेश गरिने छन् । तर एक दिनमा मौखिक उत्तर सम्बन्धी बिसवटा र लिखित उत्तर सम्बन्धी पचासभन्दा बढी प्रश्न सूचीमा राखिने छैन । यो सूचीमा एक सदस्यको दुई वटा भन्दा बढी मौखिक उत्तरका प्रश्न समावेश गरिनेछैन ।

(२) लिखित उत्तर दिने प्रश्नको क्रम प्राप्त समय र विषय बमोजिम निर्धारण गरिनेछ ।

(३) मौखिक उत्तर दिने प्रश्नको क्रमको निर्धारण दर्ता क्रमानुसार गरिनेछ ।

१.(घ) <u>मौखिक उत्तर दिन नभ्याइएका प्रश्न टेबुल गरिने</u> : (१) कुनै दिनका लागि प्रश्न सूचीमा मौखिक उत्तर दिनका निमित्त राखिएको कुनै प्रश्नको उत्तर दिन समयको अभावले गर्दा नभ्याइएमा सम्बन्धित मन्त्रीले सो प्रश्नको उत्तरको एक प्रति टेबुल गर्नेछ । तर उत्तर दिन नभ्याइएको कुनै प्रश्नको उत्तर दिनु सार्वजनिक हितका लागि आवश्यक छ भनी मन्त्रीले सभामुख समक्ष अनुरोध गरेमा प्रश्नका लागि निर्धारित समय समाप्त भएपछि पनि सभामुखले उत्तर दिने अनुमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम टेबुल गरिएको उत्तरको प्रति सदस्यलाई उपलब्ध गराइनेछ ।

१.(ङ) <u>प्रश्नको उत्तर</u> : (१) प्रत्येक सदस्यले राखेका प्रश्नको मौखिक उत्तर माग भएकोमा मौखिक रुपमा र लिखित उत्तर माग भएकोमा लिखितै रूपमा सम्बन्धित मन्त्रीले बढीमा दश दिनभित्र उत्तर दिने गरी सभामुखले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) लिखित प्रश्न र उत्तरको प्रति प्रत्येक सदस्यलाई उपलब्ध गराइनेछ ।

(३) प्रश्न-उत्तर सम्बन्धी अन्य व्यवस्था कार्यव्यवस्था परामर्श समितिको परामर्शमा सभामुखबाट समयको व्यवस्थापन हुनेछ ।

१.(च) <u>प्रस्ताव वा विधेयक प्रस्तुतकर्ता सदस्यसँग सोधिने प्रश्न</u> : (१) मन्त्रीबाहेक प्रस्ताव वा विधेयक प्रस्ततुकर्ता अन्य कुनै सदस्यसँग निजको विधेयक, सङ्कल्प, प्रस्ताव वा बैठकको कार्यसँग सम्बन्धित निजको उत्तरदायित्वभित्रको विषयमा प्रश्न सोध्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको प्रश्न सोध्न र उत्तर दिने सम्बन्धमा सभामुखले मन्त्रीसँग सोधिने प्रश्नका सम्बन्धमा निर्धारित गरेको कार्यविधिलाई नै आवश्यकता अनुरूप लागु गर्न सक्नेछ ।

१.(छ) <u>प्रश्नसम्बन्धी सर्त</u> : देहाय बमोजिमका प्रश्न स्वीकार्य हुने छैन ।

(क) अस्पष्ट

(ख) धेरै लामा, तथ्यहीन, निरर्थक वा महत्वहीन,

(ग) स्पष्ट पार्नका निमित्त अत्यावश्यक भएमा बाहेक कसैको नाम वा वक्तव्य रहेको, तर प्रश्नमा नाम वा वक्तव्य रहेकोमा त्यसको यथार्थताको जवाफदेही प्रश्नकर्ता नै हुनेछ ।

(घ) उत्तर वा सुझाव सङ्केत गर्ने वा खास दृष्टिकोणको प्रचार गर्ने किसिमको,

(ङ) राय मागिएको,

(च) कुनै एक प्रश्नको उत्तरका रूपमा जानकारी दिन नसक्ने नीतिसम्बन्धी विषय भएको,

(छ) मिथ्या अभिव्यक्ति, कोरा तर्क, आधारहीन अनुमान, आरोप, आक्षेप, व्यङ्ग्योक्ति वा आपत्तिजनक शब्द भएको,

(ज) काल्पनिक वा अनुमानित समस्याको समाधान माग गरिएको,

(झ) कुनै समितिसमक्ष विचाराधीन रहेको विषय वा समितिले सभा समक्ष पेस गरिसकेको प्रतिवेदनको विषय भएको, र

(ञ) कुनै अन्य साधनबाट सहजै ज्ञात हुन सक्ने विषयको ।

१.(ज) <u>प्रश्न गर्न नपाइने विषय</u> : (१) देहायका विषयमा कुनै प्रश्न गर्न पाइने छैन :

(क) संविधान वा कुनै प्रचलित कानुनबाट प्रकाशन निषेध गरिएको विषय,

(ख) स्वभावतः गोप्य रहने कुरा वा प्रकाशन गर्दा राष्ट्रिय हितविपरीत हुन जाने मन्त्रिपरिषद्को कुनै निर्णय वा कारबाही

(ग) सदन वा कुनै समितिको वा सदन वा समितिको निर्णयको आलोचना गरिएको विषय,

(घ) चालु अधिवेशनमा छलफलद्वारा स्पष्ट भइसकेको विषय,

(ङ) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रचारका लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको विषय,

(च) प्रचलित कानुनबमोजिम स्थापित भएको न्यायिक वा अर्धन्यायिक निकाय वा अधिकारी वा प्रचलित कानुनबमोजिम जाँचबुझ गर्न, सुझाव दिन वा प्रतिवेदन पेस गर्न गठित आयोग वा समितिमा विचाराधीन रहेको विषय,

(छ) सैद्धान्तिक, ऐतिहासिक वा कानुनको व्याख्यासम्बन्धी विषय,

(ज) गैरसरकारी व्यक्तिको कुनै वक्तव्य सत्य हो वा होइन भन्ने विषय,

(झ) कुनै व्यक्तिको सरकारी वा सार्वजनिक हैसियत बाहेक अरू व्यक्तिगत हैसियतबाट गरेको काम कुरासम्बन्धी आचरणको विषय, र

(ञ) एक पटक अस्वीकृत भइसकेको वा यस नियमावलीबमोजिम उत्तर दिन अस्वीकार गरिएको कुनै विषय।

(२) उपनियम (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो खण्डमा उल्लिखित आयोग वा समितिको कार्यमा प्रतिकूल प्रभाव नपर्ने लागेमा सभामुखले जाँचबुझको कार्यविधि र कार्यप्रगतिको विषयसँग सिमित रही प्रश्नको अनुमति दिन सक्नेछ।

१.(झ) <u>स्विकार योग्य छ वा छैन भन्ने कुराको निर्णय</u> : (१) सभामुखले कुनै प्रश्न स्वीकारयोग्य छ वा छैन भन्ने कुराको निर्णय गर्नेछ। प्रश्न सोध्ने अधिकारको दुरुपयोग गरिएको वा संविधान वा यस नियमावलीको विरुद्ध वा सदनको प्रतिष्ठामा आँच आउने वा बैठकको कार्यविधिमा बाधा पार्ने सम्भावना देखिएमा त्यस्तो प्रश्नलाई पूर्ण वा आंशिक रूपमा अस्वीकार गर्न सक्नेछ।

(२) सभामुखले उचित देखेमा प्रश्नको सारांशमा फरक नपर्ने गरी नियमानुकूल बनाउनका निमित्त आवश्यक संशोधन गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम सभामुखले संशोधन गर्नुभन्दा अगाडि प्रश्नकर्ता सदस्यसँग परामर्श गर्न सक्नेछ।

(४) प्रश्न स्वीकारयोग्य छ वा छैन भन्ने र संशोधन गर्न हुने वा नहुने भन्ने सम्बन्धमा सभामुखले गरेको निर्णय अन्तिम हुनेछ।

१.(ञ) <u>पूरक प्रश्न</u> : (१) प्रश्नको मौखिक उत्तरका सम्बन्धमा अरू स्पष्टीकरण आवश्यक भएमा पूरक प्रश्न सोध्न सकिनेछ।

(२) पूरक प्रश्न मूल प्रश्नसँग स्पष्ट रूपमा सम्बद्ध हुनुपर्छ।

(३) यस नियमावली बमोजिमका प्रश्न सम्बन्धी शर्त पुरक प्रश्नका हकमा पनि लागु हुनेछ।

१.(ट) <u>प्रश्न फिर्ता लिने वा सार्ने</u> : (१) कुनै सदस्यले कार्यसूचीमा नपरेको प्रश्न जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

(२) कुनै सदस्यले सचिवलाई दुई दिनअघि सूचना दिएर कार्यसूचीमा नपरेको आफ्नो प्रश्न अन्य कुनै दिनका निमित्त सार्न सक्नेछ र त्यसरी सारिएका प्रश्नमध्ये मौखिक प्रश्न सो विषयका लागि निर्धारित अन्य कुनै दिनको कार्यसूचीमा समावेश गरिनेछ।

१.(ठ) प्रश्न-उत्तरको तरिका: (१) प्रश्न-उत्तरको समय प्रारम्भ भएपछि सभामुखले कार्यसूचीको क्रमअनुसार प्रश्नकर्ता सदस्यको नाम बोलाउनेछ।

(२) उपनियम (१) बमोजिम नाम बोलाइएको सदस्य वा निजद्वारा अधिकृत गरिएको सदस्य आफ्नो स्थानमा उभिनेछ र प्रश्न सोध्ने मनसाय भएमा प्रश्न सूचीमा रहेको आफ्नो प्रश्नको क्रमसङ्ख्या उच्चारण गर्नेछ।

(३) यस नियम बमोजिम नसोधिएको प्रश्न प्रश्न सूचीबाट स्वत: हटेको मानिनेछ।

१.(ड) उत्तर दिन अस्वीकार गर्न सकिने : कुनै प्रश्नको उत्तर दिंदा राष्ट्रिय वा सार्वजनिक हितविपरीत हुने देखिएमा त्यस्तो प्रश्नको उत्तर दिन इन्कार गर्न सकिनेछ।

१.(ढ) प्रश्न परिवर्तन : सभामुखलाई उपयुक्त लागेमा मौखिक प्रश्नलाई लिखित प्रश्नमा र लिखित प्रश्नलाई मौखिक प्रश्नमा परिवर्तन गर्न सक्नेछ।

१७. मूल नियमावलीको नियम ४२ मा संशोधन : (१) मूल नियमावलीको नियम ४२ को उपनियम (१) मा रहेको प्रावधान हटाई देहायका प्रावधान राखिएका छन् :

"सभामुखले अन्यथा आदेश दिएकोमा बाहेक प्रत्येक दिनको बैठकको पहिलो डेढ घण्टा सामान्यतया शून्य समयबाट प्रारम्भ हुनेछ। शून्य समयमा बोल्न चाहने सदस्यले बैठक सुरु हुनुभन्दा दुई घण्टाअगावै आफ्नो नाम दर्ता गराउनुपर्नेछ। शून्य समयमा सभामुखले तीन मिनेटमा नघटाई आवश्यकताअनुसार समय निर्धारण गर्न सक्नेछ। यस नियमावलीले व्यवस्था गरेको विषयमा प्रतिकूल असर नहुने गरी शिष्ट र मर्यादित भाषा प्रयोग गरी समसामयिक विषयमा बोल्नुपर्नेछ।" भन्ने व्यहोरा राखिएको छ।

(२) मूल नियमावलीको नियम ४२ मा उपनियम (४) थप गरी "नियम ४१ बमोजिमको प्रश्नोत्तर समय रहेको दिन शून्य समय रहने छैन।" भनी उल्लेख गरीएको छ।

१८. <u>मूल नियमावलीको नियम ४३ मा संशोधन</u> : मूल नियमावलीको नियम ४३ को सम्पूर्ण प्रावाधानहरू हटाइएका छन् ।

१९. <u>मूल नियमावलीको नियम ४५ मा संशोधन</u> : मूल नियमावलीको नियम ४५ का उपनियम (२) मा रहेको "तीन घण्टा" भन्ने शब्दको सट्टा "तीन दिन" भन्ने शब्दहरू राखिएका छन् ।

२०. <u>मूल नियमावलीको नियम ५८ मा संशोधन</u> : (१) मूल नियमावलीको नियम ५८ को उपनियम (१) लाई नियम ५८ उपनियम ग (१) बनाउने र "दुई दिन" भन्ने शब्दको सट्टा "दुई घण्टा" भन्ने शब्द राखिएको छ ।

(२) मूल नियमावलीको नियम ५८ को उपनियम ५८ (क) थप गरी देहायको प्रावधान राखिएको छ :

**५८ (क) प्रदेशको राजधानी सम्बन्धी प्रस्ताव**

१. **प्रदेशको राजधानीको निर्णय सम्बन्धी व्यवस्था** : १. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिमको परिधि भित्र रहने गरी प्रदेश नं. १ को राजधानी सम्बन्धी प्रस्तावको लागि दर्ताको सूचना सभामुखले तोके बमोजिम हुनेछ । त्यसको सूचना सचिवले प्रकाशित गर्नेछ र सो प्रस्ताव कुनै सदस्यले अनुसूची ८ बमोजिमको ढाँचामा कम्तिमा दुई जना सदस्यको समर्थनसहित सभाका सचिवलाई दिनुपर्नेछ ।

२. उपनियम (१) बमोजिम प्राप्त प्रस्ताव सचिवले सभामुखसमक्ष प्रस्तुत गर्नुपर्नेछ र सभामुखले प्रस्ताव प्राप्त भएपछि कार्यव्यवस्था समितिको परामर्शमा छलफलका लागि दिन तोक्नेछ ।

३. उपनियम (१) बमोजिमको प्रस्ताव सभामुखको अनुमतिमा प्रस्तावक सदस्यले मन्तव्यसहित सभामा प्रस्ताव प्रस्तुत गर्ने अनुमति माग्नेछ ।

४. उपनियम (३) बमोजिमको प्रस्ताव प्रस्तुत भएपछि सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नेछ र प्रस्तावको पक्षमा बहुमत देखिए सभामुखले त्यस्तो अनुमति माग्ने प्रस्ताव पारित भएको घोषणा गर्नेछ ।

५. उपनियम (४) बमोजिम निर्णयार्थ प्रस्तुत भएको प्रस्ताव बहुमतबाट स्विकृत भएमा त्यस्तो प्रस्तावसम्बन्धी प्रक्रिया यसै नियमावलीको यसै नियम बमोजिम अघि बढ्नेछ ।

६. सभामा एकभन्दा बढी प्रस्तावहरू प्रस्तुत भएमा जुन प्रस्तावमा अनुमति माग्ने प्रस्ताव पारित हुन्छ सो प्रस्ताव बाहेक अन्य प्रस्ताव स्वत: निष्किय भएको मानिनेछ ।

७. उपनियम (४) बमोजिमको प्रस्ताव पारित भएपछि सभामुखले छलफलमा भाग लिन चाहने सदस्यका लागि समय निर्धारण गरी प्रत्येक सदस्यलाई छलफलमा भाग लिन अनुमति दिनेछ र त्यसरी छलफल प्रारम्भ हुनु पूर्व नै प्रस्तावका प्रतिहरू सबै सदस्यलाई वितरण गर्नुपर्नेछ ।

८. उपनियम (७) बमोजिम छलफलमा भाग लिने सदस्यले बोल्ने क्रम समाप्त भएपछि प्रस्तावक सदस्यलाई छलफलमा उठेका प्रश्नको जवाफ दिन सभामुखले अनुमति दिनेछ ।

९. उपनियम (८) बमोजिम सभामुखको अनुमतिले प्रस्तावक सदस्यले जवाफ दिएपछि छलफल समाप्त हुनेछ र चालु बैठक स्थगित गरी सभामुखले अर्को बैठकको समय तोक्नेछ ।

१०. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (९) बमोजिमको छलफल समाप्त भएपछि तत्काल प्रस्ताव उपर संशोधनको सूचना दर्ता गर्न सदस्यलाई दुई घण्टाको समय दिइनेछ र त्यस्तो संशोधनको सूचना दिने समय उपनियम (९) बमोजिमको छलफल समाप्त भएको समयबाट गणना गरिनेछ । संशोधनको सूचना सम्बन्धी सर्त यसै नियमावली बमोजिम हुनेछ ।

११. उपनियम (१०) बमोजिमको संशोधनको सूचना सदस्यले सचिवसमक्ष पेस गर्नुपर्नेछ ।

१२. उपनियम (१०) बमोजिमको समयभित्र दर्ता भएको संशोधनको प्रस्ताव संशोधनकर्ता प्रत्येक सदस्यलाई सभामुखले समय तोकेर सङ्क्षिप्त मन्तव्य सहित संशोधन प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनेछ ।

१३. उपनियम (१२) बमोजिम संशोधन प्रस्ताव प्रस्तुत भएपछि प्रत्येक संशोधनकर्ता सदस्यलाई सभामुखले प्रस्ताव फिर्ता लिन चाहेमा प्रस्ताव फिर्ता लिन समय दिनेछ ।

१४. उपनियम (१३) बमोजिम समय दिँदा प्रस्तावक सदस्यले संशोधन प्रस्ताव फिर्ता लिएमा त्यस्तो प्रस्ताव स्वत: निष्किय हुनेछ ।

१५. उपनियम (१४) बमोजिम प्रस्ताव फिर्ता लिन समय दिंदा प्रस्ताव फिर्ता लिन अस्वीकार भएका सबै संशोधन प्रस्ताव सभामुखले सभासमक्ष क्रमशः निर्णायार्थ प्रस्तुत गर्नेछ ।

१६. उपनियम (१५) बमोजिम प्रस्तुत संशोधन प्रस्ताव बहुमतबाट पारित भए त्यस्ता स्वीकृत प्रत्येक प्रस्ताव मुल प्रस्तावको अंग बन्नेछ र पारित नभएका त्यस्तो संशोधन प्रस्ताव स्वतः निष्क्रिय हुनेछ ।

१७. संशोधन प्रस्ताव निर्णयार्थ पेस गरी पारित गर्ने प्रक्रिया समाप्त भएपछि सभामुखले प्रदेश नं. १ को राजधानीको निर्णय गर्नेसम्बन्धी संशोधनसहितको मूल प्रस्ताव पारित गरियोस् भनी उपनियम (१) बमोजिमको प्रस्ताव प्रस्तुतकर्ता सदस्यलाई सभामा प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनेछ ।

१८. उपनियम (१७) बमोजिम प्रस्ताव पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भएपछि तत्काल प्रस्तावको पक्षमा हुन्छ र हुन्न भन्ने पक्षका सदस्यलाई मत विभाजनद्वारा निर्णयका लागि अलग-अलग लबीमा गएर हस्ताक्षर गर्न सभामुखले आदेश दिनेछ । उक्त प्रस्तावमा सबै उपस्थित सदस्यहरूले हस्ताक्षरद्वारा निर्णय गर्ने प्रक्रियामा अनिवार्य भाग लिनुपर्नेछ ।

१९. मत विभाजनद्वारा निर्णय गर्ने अन्य प्रक्रिया सभामुखले तोकेबमोजिम हुनेछ ।

२०. मत विभाजन गरी हस्ताक्षर गर्ने कार्य समाप्त भएपछि सभामुखले हुन्छ र हुन्न दुवै पक्षको प्राप्त मतको गणना गर्न सचिवालयका कर्मचारीलाई आदेश दिनेछ ।

२१. उपनियम (२०) बमोजिम सचिवालयका कर्मचारीले हुन्छ र हुन्न भन्ने पक्षको अलग-अलग मत गणना गरी मतपरिणाम सभामुखसमक्ष पेस गर्नुपर्नेछ र पेस भएको मत परिणाम सभामुखले तत्काल घोषणा गर्नेछ ।

२२. उपनियम (२१) बमोजिम प्रदेशको राजधानी तोकियोस् भन्ने प्रस्तावको पक्षमा प्रदेश सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट निर्णय भएको मत परिणाम प्राप्त भएमा सभामुखले पारित प्रस्तावबमोजिमको स्थानलाई प्रदेशको राजधानी भएको तत्काल घोषणा गर्नेछ ।

२३. यस नियम बमोजिमको प्रस्तावको पक्षमा दुई तिहाइ मत नपुगेमा सभामुखले तोकेको दिन राजधानी तोक्नेसम्बन्धी निर्णय गर्ने प्रक्रिया पुनः सुरु हुनेछ।

(३) मूल नियमावलीको नियम ५८ मा नियम ५८ (ख) थप गरी देहायको प्रावधान राखिएको छ।

५८ (ख) प्रदेशको नामकरण सम्बन्धी प्रस्ताव

१. प्रदेशको नामकरणको निर्णय सम्बन्धि व्यवस्था : १. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधानको धारा २९५ को उपधारा (२) बमोजिमको परिधि भित्र रहने गरी प्रदेश नं. १ को नामकरण सम्बन्धी प्रस्तावको लागि दर्ताको सूचना सभामुखले तोके बमोजिम हुनेछ। त्यसको सूचना सचिवले प्रकाशित गर्नेछ र सो प्रस्ताव कुनै सदस्यले अनुसूची ९ बमोजिमको ढाँचामा कम्तिमा दुई जना सदस्यको समर्थनसहित सभाका सचिवलाई दिनुपर्नेछ।

२. उपनियम (१) बमोजिम प्राप्त प्रस्ताव सचिवले सभामुखसमक्ष प्रस्तुत गर्नुपर्नेछ र सभामुखले प्रस्ताव प्राप्त भएपछि कार्यव्यवस्था समितिको परामर्शमा छलफलका लागि दिन तोक्नेछ।

३. उपनियम (१) बमोजिमको प्रस्ताव सभामुखको अनुमतिमा प्रस्तावक सदस्यले मन्तव्यसहित सभामा प्रस्ताव प्रस्तुत गर्ने अनुमति माग्नेछ।

४. उपनियम (३) बमोजिमको प्रस्ताव प्रस्तुत भएपछि सभामुखले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नेछ र प्रस्तावको पक्षमा बहुमत देखिए सभामुखले त्यस्तो अनुमति माग्ने प्रस्ताव पारित भएको घोषणा गर्नेछ।

५. उपनियम (४) बमोजिम निर्णयार्थ प्रस्तुत भएको प्रस्ताव बहुमतबाट स्वीकृत भएमा त्यस्तो प्रस्तावसम्बन्धी प्रक्रिया यसै नियमावलीको यसै नियम बमोजिम अघि बढ्नेछ।

६. सभामा एकभन्दा बढी प्रस्तावहरू प्रस्तुत भएमा जुन प्रस्तावमा अनुमति माग्ने प्रस्ताव पारित हुन्छ सो प्रस्तावबाहेक अन्य प्रस्ताव स्वतः निष्क्रिय भएको मानिनेछ।

७. उपनियम (४) बमोजिमको प्रस्ताव पारित भएपछि सभामुखले छलफलमा भाग लिन चाहने सदस्यका लागि समय निर्धारण गरी प्रत्येक सदस्यलाई छलफलमा भाग लिन अनुमति दिनेछ र त्यसरी छलफल प्रारम्भ हुनुपूर्व नै प्रस्तावका प्रतिहरू सबै सदस्यलाई वितरण गर्नुपर्नेछ।

८. उपनियम (७) बमोजिम छलफलमा भाग लिने सदस्यले बोल्ने क्रम समाप्त भएपछि प्रस्तावक सदस्यलाई छलफलमा उठेका प्रश्नको जबाफ दिन सभामुखले अनुमति दिनेछ।

९. उपनियम (८) बमोजिम सभामुखको अनुमतिले प्रस्तावक सदस्यले जबाफ दिएपछि छलफल समाप्त हुनेछ र चालु बैठक स्थगित गरी सभामुखले अर्को बैठकको समय तोक्नेछ।

१०. यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (९) बमोजिमको छलफल समाप्त भएपछि तत्काल प्रस्तावउपर संशोधनको सूचना दर्ता गर्न सदस्यलाई दुई घण्टाको समय दिइनेछ र त्यस्तो संशोधनको सूचना दिने समय उपनियम (९) बमोजिमको छलफल समाप्त भएको समयबाट गणना गरिनेछ । संशोधनको सूचना सम्बन्धी शर्त यसै नियमावली बमोजिम हुनेछ।

११. उपनियम (१०) बमोजिमको संशोधनको सूचना सदस्यले सचिव समक्ष पेस गर्नुपर्नेछ।

१२. उपनियम (१०) बमोजिमको समयभित्र दर्ता भएको संशोधनको प्रस्ताव संशोधनकर्ता प्रत्येक सदस्यलाई सभामुखले समय तोकेर सङ्क्षिप्त मन्तव्यसहित संशोधन प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनेछ।

१३. उपनियम (१२) बमोजिम संशोधन प्रस्ताव प्रस्तुत भएपछि प्रत्येक संशोधनकर्ता सदस्यलाई सभामुखले प्रस्ताव फिर्ता लिन चाहेमा प्रस्ताव फिर्ता लिन समय दिनेछ।

१४. उपनियम (१३) बमोजिम समय दिँदा प्रस्तावक सदस्यले संशोधन प्रस्ताव फिर्ता लिएमा त्यस्तो प्रस्ताव स्वतः निष्क्रिय हुनेछ।

१५. उपनियम (१४) बमोजिम प्रस्ताव फिर्ता लिन समय दिँदा प्रस्ताव फिर्ता लिन अस्वीकार भएका सबै संशोधन प्रस्ताव सभामखुले सभासमक्ष क्रमशः निर्णयार्थ प्रस्तुत गर्नेछ।

१६. उपनियम (१५) बमोजिम प्रस्तुत संशोधन प्रस्ताव बहुमतबाट पारित भए त्यस्ता स्वीकृत प्रत्येक प्रस्ताव मूल प्रस्तावको अङ्ग बन्नेछ र पारित नभएका त्यस्तो संशोधन प्रस्ताव स्वतः निष्क्रिय हुनेछ।

१७. संशोधन प्रस्ताव निर्णयार्थ पेस गरी पारित गर्ने प्रक्रिया समाप्त भएपछि सभामुखले प्रदेश नं. १ को नामकरणको निर्णय गर्ने सम्बन्धी संशोधनसहितको मूल प्रस्ताव पारित गरियोस् भनी उपनियम (१) बमोजिमको प्रस्ताव प्रस्तुतकर्ता सदस्यलाई सभामा प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनेछ ।

१८. उपनियम (१७) बमोजिम प्रस्ताव पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भएपछि तत्काल प्रस्तावको पक्षमा हुन्छ र हुन्न भन्ने पक्षका सदस्यलाई मत विभाजनद्वारा निर्णयका लागि अलग-अलग लबीमा गएर हस्ताक्षर गर्न सभामुखले आदेश दिनेछ । उक्त प्रस्तावमा सबै उपस्थित सदस्यहरूले हस्ताक्षरद्वारा निर्णय गर्ने प्रक्रियामा अनिवार्य भाग लिनुपर्नेछ ।

१९. मत विभाजनद्वारा निर्णय गर्ने अन्य प्रक्रिया सभामुखले तोके बमोजिम हुनेछ ।

२०. मत विभाजन गरी हस्ताक्षर गर्ने कार्य समाप्त भएपछि सभामुखले हुन्छ र हुन्न दुवै पक्षको प्राप्त मतको गणना गर्न सचिवालयका कर्मचारीलाई आदेश दिनेछ ।

२१. उपनियम (२०) बमोजिम सचिवालयका कर्मचारीले हुन्छ र हुन्न भन्ने पक्षको अलग-अलग मत गणना गरी मतपरिणाम सभामुखसमक्ष पेस गर्नु पर्नेछ र पेस भएको मत परिणाम सभामुखले तत्काल घोषणा गर्नेछ ।

२२. उपनियम (२१) बमोजिम प्रदेशको नामकरण गरियोस् भन्ने प्रस्तावको पक्षमा प्रदेश सभामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट निर्णय भएको मत परिणाम प्राप्त भएमा सभामुखले पारित प्रस्तावबमोजिमको नाम तत्काल घोषणा गर्नेछ ।

२३. यस नियमबमोजिमको प्रस्तावको पक्षमा दुई तिहाइ मत नपुगेमा सभामुखले तोकेको दिन नाम तोक्नेसम्बन्धी निर्णय गर्ने प्रक्रिया पुनः सुरु हुनेछ ।

२१. <u>मूल नियमावलीको नियम ६० मा संशोधन :</u> मूल नियमावलीको नियम ६० को (ग) मा रहेको "अस्पष्ट" भन्ने शब्दको सट्टा "स्पष्ट" भन्ने शब्द कायम गरिएको छ ।

२२. <u>मूल नियमावलीको नियम ८४ मा संशोधन</u> : (१) मूल नियमावलीको नियम ८४ मा रहेको "नियम ८३ बमोजिम" भन्ने शब्दको अगाडि (१) थप गरिएको छ ।

(२) मूल नियमावलीको नियम ८४. १ (क) थप गरी देहायको प्रावधान राखिएको छ :

**८४. १ (क)स्वीकृत अध्यादेश प्रतिस्थापन गर्ने विधेयक** : (१) "प्रदेश प्रमुखबाट जारी भएको कुनै अध्यादेशका प्रावधानहरूलाई यथावत् वा संशोधनसहित प्रतिस्थापित गर्ने उद्देश्यबाट प्रस्तुत गरिने विधेयकको साथमा उक्त कानुन बनाइ अध्यादेशको रूपमा तत्कालै लागु गर्नुपरेको परिस्थिति र कारण सहितको विवरण संलग्न गर्नुपर्नेछ ।"

(२) उपनियम (१) बमोजिम पेस हुन आएको प्रतिस्थापन विधेयकको सम्बन्धमा परिच्छेद १५ बमोजिमको कार्यविधि अपनाइनेछ ।

(३) उपनियम (१) र (२) बमोजिमको प्रतिस्थापन गर्ने विधेयक संविधानको धारा २०२ बमोजिमको अवधिभित्र पारित गरी प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसक्नुपर्नेछ ।

२३. <u>मूल नियमावलीको नियम ८९ मा संशोधन</u> : नियम ८९ को प्रावधान हटाइएको छ ।

२४. **मूल नियमावलीको नियम ९९ को उपनियम (२) पछि उपनियम (३) थप गरी निम्न व्यवस्था गरिएको छ :**

"यस नियमावलीमा अन्यथा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियम (१००), (१०१), (१०२) र (१०३) को प्रयोजनका लागि समितिमा विधेयकमाथि दफावार छलफल हुँदाको अवस्थामा सभामुख भन्नाले सम्बन्धित समितिको सभापतिलाई र बैठक भन्नाले सम्बन्धित समितिको बैठकलाई समेत जनाउँछ ।"

२५. <u>मूल नियमावलीको नियम १०५ मा संशोधन</u> : (१) मूल नियमावलीको नियम १०५ मा "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ ।

(२) सोही नियममा "समाप्त" भन्ने शब्दपछि "भई नियम १०३ को कार्यविधि पूरा" भन्ने शब्द राखिएको छ ।

२६. <u>मूल नियमावलीको नियम १०६ मा संशोधन</u> : मूल नियमावलीको नियम १०६ को उपनियम (२) मा रहेको "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ ।

२७. मूल नियमावलीको नियम १०७ मा संशोधन : (१) मूल नियमावलीको नियम १०७ को उपनियम (१) मा रहेको "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

(२) उपनियम (२) को (ख) मा रहेको "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

(३) उपनियम (५) मा "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

(४) उपनियम (६) मा "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

(५) उपनियम (७) मा "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

(६) उपनियम (८) मा "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

२८. मूल नियमावलीको नियम १०८ मा संशोधन : मूल नियमावलीको नियम १०८ मा रहेको "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

२९. मूल नियमावलीको नियम १०९ मा संशोधन : मूल नियमावलीको नियम १०९ को उपनियम (१) क (२) मा रहेको "विधायन" भन्ने शब्दको सट्टा "सम्बन्धित" भन्ने शब्द राखिएको छ।

३०. मूल नियमावलीको नियम १२९ मा संशोधन : (१) मूल नियमावलीको नियम १२९ को उपनियम (२) मा रहेको "सचिवलाई दिनुपर्नेछ" भन्ने शब्दपछि "र सो सूचनाको जानकारी सचिवले सभामुखसमक्ष तुरुन्त पेस गर्नुपर्नेछ।" भन्ने थपिएको छ।

(२) उपनियम (९) मा रहेको "स्वत: पदमुक्त हुनेछ" भन्ने शब्द पछि "यसरी पदमुक्त भएको जानकारी सभामुखले प्रदेश प्रमुखलाई दिनु पर्नेछ।" भन्ने थपिएको छ।

३१. मूल नियमावलीको नियम १३१ मा संशोधन : (१) मूल नियमावलीको नियम १३१ को "विषयगत समितिहरू" पछिका "प्रदेश सभामा देहायका कार्यक्षेत्र भएका विषयगत समितिहरू रहनेछन्" भन्ने शब्दहरु झिकी देहायका शब्दहरु राखिएका छन् :

"प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतकाे लागि नेपालको संविधानको धारा (१९३) बमोजिम प्रदेश सभामा देहायका नाम र कार्यक्षेत्र रहेका समिति रहनेछन् ।"

(२) मूल नियमावलीमा रहेका समितिहरूको कार्यक्षेत्रहरू भएको क्रमसङ्ख्या ६ मा रहेको "उद्योग, पर्यटन" पछि "वन" शब्द थप गरिएको छ ।

३२. <u>मूल नियमावलीको नियम १३४ मा संशोधन</u> : (१) मूल नियमावलीको नियम १३४ को उपनियम (१) मा रहेको "मुख्य सचेतक" भन्ने शब्दको सट्टा "प्रमुख सचेतक" राखिएको छ ।

(२) उपनियम (३) मा रहेको अनुसूची ४ "बमोजिमको ढाँचामा" भन्ने शब्दपछि "प्रस्तावित उमेदवारको" भन्ने शब्द थप गरिएको छ ।

३३. <u>मूल नियमावलीको नियम १३६ मा संशोधन</u> : (१) मूल नियमावलीको नियम १३६ मा रहेको "विषयगत समिति"को कामपछि "कर्तव्य र अधिकार" भन्ने शब्दहरू थपिएको छ ।

(२) उपनियम (क) मा उल्लिखित व्यवस्थाको सट्टामा "आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेस गर्ने" भन्ने वाक्यांश राखिएको छ ।

(३) मूल नियममा उपनियम (ढ) थप गरी देहायका व्यवस्था राखिएको छ :

"यस नियमबमोजिम समितिले बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेस हुनुअगावै र अन्य प्रतिवेदनहरू आवश्यकताअनुसार समय-समयमा प्रस्तुत गर्न सक्नेछ ।"

(४) मूल नियममा उपनियम (ण) थप गरी देहायका शब्दहरू राखिएको छन् :

"सम्बन्धित समितिले आवश्यकता अनुसार कार्यबोझलाई मनन गरी उपसमीति गठन गर्न सक्नेछ ।"

३४. <u>नियमावलीको नियम १३९ मा संशोधन</u> : (१) मूल नियमावलीको नियम (१३९) को उपनियम (१) मा रहेको "एक चौथाइ" भन्ने शब्द झिकी "एकाउन्न प्रतिशत" भन्ने शब्द थप गरिएको छ ।

(२) मूल नियमको उपनियम (३) को व्यवस्था हटाई सो स्थानमा "उपनियम (२) बमोजिम गणपूरक सङ्ख्या नपुगी लगातार दुई पटक बैठक स्थगित भई तेस्रो पटक बोलाइएको बैठकमा कम्तीमा एक चौथाइ सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।" भन्ने वाक्यांश राखिएको छ ।

३५. <u>मूल नियमावलीको नियम १५१ मा संशोधन</u> : मूल नियमावलीको नियम १५१ को उपनियम (१) र (२) मा रहेको "विधायन" शब्दको सट्टा "सम्बन्धित" शब्द राखिएको छ ।

३६. <u>मूल नियमावलीको नियम १५२ मा संशोधन</u> : मूल नियमावलीको नियम १५२ को उपनियम (१) मा (१) पछि "नेपालको संविधानको धारा १८७ बमोजिम प्रदेश" भन्ने थप गरिएको छ ।

३७. <u>मूल नियमावलीको नियम १६७ मा संशोधन</u> : मूल नियमावलीको नियम १६७ उपनियम (४) पछि नियम १६७ (५) (क) थप गरी देहायको प्रावधानहरू राखिएका छन् ।

**१६७ (५) (क)प्रदेश लोकसेवा आयोगका अध्यक्ष र सदस्य विरुद्धको प्रस्ताव सम्बन्धी व्यवस्था :**

१. नेपालको संविधानको धारा २४४ बमोजिम गठित प्रदेश लोकसेवा आयोगको अध्यक्ष र सदस्यका विरुद्ध कुनै प्रस्ताव पेस गर्नुपरेको आधार र कारण खुलाई प्रदेश सभामा कायम रहेको सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले त्यस्तो प्रस्ताव पेस गर्ने सूचना सचिवलाई दिनुपर्नेछ ।

२. उपनियम (१) बमोजिमको प्रस्ताव प्राप्त भएपछि सचिवले सभामुख समक्ष पेस गर्नेछ । यस्तो प्रस्ताव दर्ता भएको मितिले ७ दिन पछिको कुनै बैठकमा छलफल हुने गरी सभामुखले दिन र समय तोक्नेछ ।

३. प्रदेश सभाको अधिवेशन चालु नरहेको अवस्थामा उपनियम (१) बमोजिमको प्रस्ताव माथि छलफल गर्न प्रस्ताव दर्ता भएको मितिबाट बढीमा १५ दिन भित्र प्रदेश सभाको बैठक आह्वान गर्नुपर्नेछ ।

४. उपनियम (३) बमोजिमको अधिवेशन आह्वान गरिएको अवस्थामा त्यस्तो अधिवेशन प्रारम्भ भएको तीन दिनभित्रको कुनै बैठकमा पदाधिकारी विरुद्धको प्रस्तावउपर छलफल हुने गरी दिन र समय तोकिनेछ ।

५. उपनियम (२) वा (४) बमोजिम तोकिएको दिन र समयमा सभामुखले नाम बोलाएपछि प्रस्तावक सदस्यले यस्तो प्रस्ताव बैठकमा प्रस्तुत गर्नेछ र निजले चाहेमा प्रस्ताव पेस गर्नुअघि वक्तव्य दिन सक्नेछ ।

६. उपनियम (५) बमोजिम प्रस्ताव पेस भएपछि सभामुखले सो प्रस्तावमा छलफल हुने समय निर्धारण गर्नेछ ।

७. उपनियम (६) बमोजिम प्रस्तावमा छलफल हुँदा कुनै संवैधानिक पदाधिकारीले संविधानको गम्भीर उल्लङ्घन गरेको कार्यक्षमताको अभाव र खराब आचरण वा पदीय दायित्वको पालना इमानदारीपूर्वक नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको भन्ने आधारमा प्राप्त सूचना, जानकारी वा उजुरी परेको भन्ने विश्वासयोग्य आधार देखिएमा त्यस्ता पदाधिकारी विरुद्ध सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा पाँच सदस्यीय छानबिन सिफारिस समिति गठन गर्न सक्नेछ । त्यस्तो छानबिन सिफारिस समितिलाई सिफरिस पेस गर्ने समयसमेत तोक्नु पर्नेछ ।

८. छानबिन सिफारिस समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

९. उपनियम (७) बमोजिम समितिले प्रारम्भिक अनुसन्धान गर्दा सम्बन्धित पदाधिकारी विरुद्धको प्रस्तावमा मनासिब र प्रयाप्त आधार देखिएमा त्यस्ता पदाधिकारी विरुद्धको प्रस्तावको कारबाही अगाडि बढाउन सिफारिस पेस गर्नेछ । यसरी पेस भएको सिफारिस प्रदेश सभामा निर्णयार्थ पेस गर्दा प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यले समर्थन गरेमा त्यस्ता पदाधिकारी विरुद्धको कारबाहीको पक्रिया प्रारम्भ हुनेछ ।

१०. उपनियम (१) र (९) बमोजिम पदाधिकारी विरुद्धको प्रस्ताव र कारबाही प्रारम्भ भए पछि त्यस्ता आरोपित संवैधानिक पदाधिकारीले त्यस्तो कारबाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न पाउने छैन ।

११. उपनियम (७) बमोजिमको समितिले निर्धारित समयमा आफ्नो सिफारिस सहितको प्रतिवेदन प्रदेश सभामा प्रस्तुत गर्नेछ ।

१२. उपनियम (१०) बमोजिमको प्रतिवेदनमाथि बैठकमा छलफल हुने दिनको कम्तीमा दुई दिनअगावै सो प्रतिवेदन सबै सदस्यलाई वितरण गर्नुपर्नेछ ।

१३. उपनियम (७) बमोजिमको समितिको सिफारिस प्रतिवेदनमाथि सभामुखले तोकेको दिन र समयमा छानबिन समितिको सभापति वा निजको अनुपस्थितिमा सभामुखले तोकेको सो समितिको अन्य कुनै सदस्यले समितिको प्रतिवेदनमाथि विचार गरियोस् भनी बैठकमा प्रस्ताव पेस गर्नेछ ।

१४. उपनियम (१२) बमोजिम प्रस्ताव पेस भएपछि सो प्रतिवेदनमाथि बैठकमा छलफल हुनेछ ।

१५. उपनियम (१३) बमोजिम छलफल हुँदा कुनै सदस्यले सो प्रतिवेदनमा संशोधन पेस गर्न वा कुनै विशेष कुराको सम्बन्धमा पुनः छानबिन गर्न प्रतिवेदनलाई छानबिन समितिमा फिर्ता पठाइयो भन्ने प्रस्ताव पेस गर्न सक्नेछ ।

१६. उपनियम (१४) बमोजिम छानबिन समितिमा फिर्ता पठाइयोस् भन्ने प्रस्ताव स्वीकृत भएमा सो प्रतिवेदन उक्त समितिमा पठाइनेछ र समितिले सात दिनभित्र पुनः छानबिन गरी आफ्नो प्रतिवेदन बैठकमा पठाउनेछ ।

१७. उपनियम (१५) बमोजिमको छानबिन समितिको प्रतिवेदन बैठकमा पुनः प्राप्त भएपछि समितिको सभापतिले वा निजको अनुपस्थितिमा सभामुखले तोकको सो समितिको अन्य कुनै सदस्यले प्रतिवेदनमा उल्लिखित सिफारिस स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेस गर्न सक्नेछ ।

१८. उपनियम (१६) बमोजिमको प्रस्ताव पेस भए पछि सो प्रतिवेदनमा कुनै सदस्यले चाहेमा संशोधन पेस गर्न सक्नेछ ।

१९. उपनियम (१६) बमोजिमको पेस भएको प्रस्ताव वा उपनियम (१७) बमोजिम पेस भएको संशोधनमाथि सङ्क्षिप्त छलफल भएपछि सभामुखले सबै संशोधन निर्णायार्थ बैठकमा पेस गर्नुपर्नेछ । त्यसपछि प्रतिवेदनमा उल्लिखित सिफारिसलाई निर्णायार्थ बैठकमा प्रस्तुत गर्नेछ ।

२०. पदाधिकारी विरुद्धको प्रस्तावमाथि सभाको निर्णय सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा हुनेछ ।

२१. उपनियम (१९) बमोजिमको निर्णयको जानकारी सचिवले प्रदेश सरकारलाई दिनेछ ।

२२. कुनै पदाधिकारी विरुद्धको प्रस्तावमा छानबिन गरी पेस भएको प्रस्ताव प्रमाणित हुन्छ भन्ने ठहरका साथ छानबिन सिफारिस समितिले पेस गरेको प्रतिवेदन प्रदेश सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित पदाधिकारी पदमुक्त हुनेछ ।

२३. उपनियम (२०) बमोजिम पदमुक्त हुने व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा प्रदेश सरकारको कुनै पनि सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन ।

२४. प्रस्तुत नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि पदाधिकारी विरुद्धको प्रस्तावसम्बन्धी कारबाही यसै नियमको उपनियम (१) देखि (२२) सम्म उल्लेख भएबमोजिम हुनेछ ।

३८. <u>मूल नियमावलीको नियम १७३ मा संशोधन</u> : मूल नियमावलीको नियम १७३ मा उपनियम (५) थप गरी देहायका शब्दहरू राखिएका छन् :

"उपनियम (१) बमोजिमको विवरणमा कुनै परिवर्तन भएमा सम्बन्धित संसदीय दलको नेताले विवरण परिवर्तन भएको बेहोरा सचिवालयलाई दिनुपर्नेछ ।

३९. <u>मूल नियमावलीको नियम १७९ मा संशोधन</u> : मूल नियमावलीको नियम १७९ (१) मा भएको "नियम १७७" लाई झिकी "नियम १७८" बनाउने ।

४०. <u>मूल नियमावलीको नियम १८० मा संशोधन</u> : मूल नियमावलीको नियम १८० को उपनियम (२) को (ग) थप गरी "प्रमुख प्रतिपक्षी दलको नेता-सदस्य" भन्ने शब्द राखिएको छ र (ग) लाई (घ) र (घ) लाई (ङ) कायम गरिएको छ । (घ) मा रहेको "मुख्य सचेतक"को सट्टा "नेता" भन्ने शब्द कायम गरिएको छ ।

४१. <u>मूल नियमावलीको नियम १८१ मा संशोधन</u> : मूल नियमावलीको नियम १८१ को (६) मा रहेको "नियम १७७" लाई "नियम १७८" बनाइएको छ ।

४२. <u>मूल नियमावलीको नियम १८७ मा संशोधन</u> : मुल नियमावलीको नियम १८७ को उपनियम (३) थप गरी देहायका शब्दहरू राखिएका छन् :

"सभामा सदस्यले आफूले बोलेको श्रव्य र दृश्यको अभिलेख माग गरेमा त्यस्तो अभिलेख सचिवालयले उपलब्ध गराउनुपर्नेछ ।"

४३. <u>मूल नियमावलीको नियम १८९ मा संशोधन</u> : १) मुल नियमावलीको नियम १८९ मा भएको साविक व्यवस्थालाई उपनियम १ कायम गर्ने र निम्न उपनियम (२) थप गरिएको छ ।

२) <u>विज्ञ वा विज्ञ समूह सम्बन्धी व्यवस्था</u> : सभामुखले सभा वा समितिको काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विज्ञको नियुक्ति वा विज्ञ समूहको गठन गर्न सक्नेछ ।

४४. <u>मूल नियमावलीको नियम १९१ मा संशोधन</u> : मूल नियमावलीको नियम १९१ को शीर्षकमा : "पोसाक" लाई झिकी सो स्थानमा उपनियम (१) पछि "पोसाक र प्रतीक" शब्द राखिएको छ ।

४५. <u>मूल नियमावलीको अनुसूचीमा थप गरिएको</u> : मूल नियमावलीमा रहेको अनुसूची ७ पछि अनुसूची ८ र ९ थप गरिएको छ ।

## अनुसूची-८

संविधानको धारा २८८ को उपधारा २ तथा प्रदेश नं.१ प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५ को परिच्छेद १०, नियम ५८ को उपनियम (क) १ सँग सम्बन्धित

मिति:२०७५/..../....

श्री सचिव,
प्रदेश सभा सचिवालय
प्रदेश सभा प्रदेश नं.१, विराटनगर ।

विषय: प्रदेशको राजधानी सम्बन्धी प्रस्ताव ।

प्रदेश सभाको च.नं................मिति २०७५/......./......./ को सूचना अनुसार नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिमको यस प्रदेशको राजधानी तपसिलमा उल्लिखित स्थानमा कायम गरियोस् भनी प्रस्ताव गर्दछु ।

तपसिल

प्रस्तावकको सही
नाम, थर

१. प्रदेश राजधानीका लागि प्रस्तावित स्थान/क्षेत्र ..........
२. अन्य विवरण (उल्लेख गर्नुपर्ने भए मात्र उल्लेख गर्ने)

क.सं.

| |
|---|
| |

म .................. माननीय ............................ले गर्नुभएको उपर्युक्त प्रस्तावको समर्थन गर्दछु ।

| | |
|---|---|
| समर्थकको सही | समर्थकको सही |
| नाम, थर | नाम, थर |
| क. सं. | क. सं. |

४६. **मूल नियमावलीको अनुसूची थप गरिएको** : मूल नियमावलीमा अनुसूचीमा ९ थप गरिएको छ ।

## अनुसूची-९

संविधानको धारा २९५ को उपधारा २ तथा प्रदेश नं.१ प्रदेश सभा (पहिलो संशोधन) नियमावली, २०७५ को परिच्छेद १०,* नियम ५८ को उपनियम (ख) १ सँग सम्वन्धित

श्री सचिव, मिति: २०७५/.../...

प्रदेश सभा सचिवालय

प्रदेश सभा प्रदेश नं.१, विराटनगर ।

विषय : प्रदेशको नामकरण सम्वन्धी प्रस्ताव ।

प्रदेश सभाको च.नं...... मिति २०७५/...../...../ को सूचनाअनुसार नेपालको संविधानको धारा २९५ को उपधारा २ बमोजिमको यस प्रदेशको नामकरण तपसिलमा उल्लेखित नाम कायम गरियोस् भनी प्रस्ताव गर्दछु ।

तपसिल

प्रस्तावकको सही

नाम, थर

१. प्रदेश नामकरणका लागि प्रस्तावित नाम ...........
२. अन्य विवरण (उल्लेख गर्नुपर्ने भए मात्र उल्लेख गर्ने)

क.सं.

| |
|---|
| |

म .............माननीय ............... ले गर्नु भएको उपर्युक्त प्रस्तावको समर्थन गर्दछु ।

समर्थकको सही
नाम, थर
क. सं.

समर्थकको सही
नाम, थर
क. सं.

प्रमाणिकरण मिति: २०७५/१२/१०

आज्ञाले,
अम्विका प्रसाद चौलागाईं
नि.सचिव
प्रदेश सभा सचिवालय



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित ।
Website : www.p1moial.gov.np